# समाचार सङ्क्षेप

## दुर्घटनामा एक जनाको मृत्यु

**सिन्धुली समाचारदाता**
*सिन्धुलीमाढी, कात्तिक ११ गते*

बिपी राजमार्ग अन्तर्गत सिन्धुलीको सुनकोशी गाउँपालिका–६, चैनपुरमा मङ्गलबार कार दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने अन्य दुई जना घाइते भएका छन् । मृत्यु हुनेमा कारमा सवार मोरङ जिल्ला विराटनगर उपमहानगरपालिका–१७ निवासी ६५ वर्षीय ओमबहादुर अर्जेल रहेका छन् । त्यस्तै उहाँको श्रीमती ४९ वर्षीय सुनिता अर्जेल र छोरा ३१ वर्षीय निशान्त अर्जेल घाइते भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार विराटनगरबाट काठमाडौँ जाँदै गरेको बा. ७ च ७५५४ नम्बरको उक्त कार अनियन्त्रित भई सडकबाट अन्दाजी ४२ फिट तल खसेर दुर्घटना भएको हो । तत्काल उद्धार गरी तिनै जना घाइतेलाई आत्मीय सामुदायिक अस्पताल खाल्टेमा उपचारका लागि ल्याइएकोमा कार चालकसमेत रहनुभएका ओमबहादुरलाई चिकित्सकले मृत्यु घोषणा गरेका थिए।

## पर्यटक हिउँको पर्खाइमा

**दोलखा समाचारदाता**
*दोलखा, कात्तिक ११ गते*

दोलखाको प्रसिद्ध कालिञ्चोक भगवतीको दर्शन गर्न आएका सयौँ धार्मिक पर्यटक हिउँको पर्खाइमा रहेका छन्। सोमबार रातिदेखि नै हिउँदे वर्षा भएसँगै हिउँ पर्छ कि भनेर पर्यटक प्रतीक्षारत रहेका सुनापाती होटेल एन्ड लजका प्रबन्धक विमल ओझाले जानकारी दिनुभयो।

उहाँका अनुसार मङ्गलबार बिहानै फर्किन तयार धार्मिक पर्यटक राति वर्षा भएपछि हिउँ पर्ने आसमा पर्खिरहेका छन्। सामान्य वर्षापछि अहिले धुम्म रहेको अवस्था रहेको छ । हिमपात नहुँदा वर्षा हुने सङ्केत देखिएको छ। जनजीवन चिसोले प्रभावित बनेको छ।

यहाँका करिब एक सय होटेल पर्यटकले भरिएका छन् । कालिञ्चोक दर्शन प्रालिमा पनि केबुलकार चढ्नेको घुइँचो लागेको प्रालिका कर्मचारी सन्देश शिवाकोटीले जानकारी दिनुभयो।

# रोकियो स्वकीय सचिवको तलब भत्ता

**मकवानपुर समाचारदाता**
*हेटौँडा, कात्तिक ११ गते*

बागमती प्रदेश सभा सदस्यका स्वकीय सचिवको तलब सुविधा रोकिएको छ। भदौसम्मको सुविधा दसैँअघि नै पाएका प्रदेश सभा सदस्यका स्वकीय सचिवले पाउने गत असोज महिनाको तलब र महँगी भत्ता रोकिएको हो।

गत भदौमा भएको जेनजी समूहको आन्दोलनपछि गठित सरकारले खर्च मितव्ययिताका लागि स्वकीय सचिवको सुविधा खारेज गर्ने निर्णय गरेसँगै बागमती प्रदेश सभा सदस्यका स्वकीय सचिवको तलब सुविधाबापतको भुक्तानी रोकिएको छ।

प्रदेश सभाका सचिव रामकुमार पौडेलले लेखा नियन्त्रकको प्रणालीले नै रोकेकोले भुक्तानी प्रक्रिया अगाडि बढ्न नसकेको जानकारी दिनुभयो। उहाँले बागमती प्रदेश सभा सदस्यका स्वकीय सचिवको



**आन्दोलनका क्रममा आगलागीबाट ध्वस्त भएको प्रदेश सभा भवन।**

तलब सुविधा रोक्नेबारेमा कतैबाट पत्राचार नभएको भन्दै प्रणालीबाटै रोकिएकाले भुक्तानी नगएको बताउनुभयो । उहाँका अनुसार केही स्वकीय सचिवको भदौभन्दा अघिको तलब सुविधासमेत रोकिएको र भुक्तानी गर्न खोज्दा प्रणालीबाटै नमिलेका कारण भुक्तानी भएको छैन। उता बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयको सूचना अधिकारी सुरज पौडेलले मन्त्रालयले प्रदेश सभा सदस्यका स्वकीय सचिवको तलब सुविधा मन्त्रालयले नरोकेको र रोक्नेबारेमा प्रदेश सरकारले पनि कुनै निर्णय नगरेको बताउनुभयो।

प्रदेश सभा सदस्यका स्वकीय सचिवले नायब सुब्बा सरहको तलबबापत ३७ हजार ७३० रुपियाँ र महँगी भत्ताबापत पाँच हजार रुपियाँ पाउने छन्। ९५ जना प्रदेश सभा सदस्यका स्वकीय सचिवको तलब सुविधा रोकिएको प्रदेश सभा सचिवालयको भनाइ छ । सचिवालयको लेखा शाखाका अनुसार प्रदेश सभा सदस्यका स्वकीय सचिवको तलब सुविधाको तलब पाना (पे रोल सिट) बनाउनै नमिल्ने गरी सिस्टम बनाइएको छ। ११० जना प्रदेश सभा सदस्य रहेको बागमती प्रदेशमा मुख्यमन्त्री र मन्त्री गरी १४ जनाका स्वकीय सचिवको तलब सुविधा मन्त्रालयबाटै भुक्तानी हुने व्यवस्था रहेको छ। प्रदेश सभाका प्रदेश सभामुखले राजीनामा दिएका कारण सभामुखको स्वकीय सचिवको असोजको तलब रोकिएको छ भने उपसभामुखको स्वकीय सचिवको तलब सुविधा भुक्तानी भइसकेको छ।

प्रदेश सभा सचिव पौडेलले अन्य प्रदेशमा समेत प्रदेश सभा सदस्यको स्वकीय सचिवको भुक्तानी रोकिएको भन्दै प्रदेश सरकारको निर्णय र प्रणालीबाट खुलेपछि भुक्तानी हुन सक्ने बताउनुभयो। प्रदेश सभा सदस्यको स्वकीय सचिवको असोजको मात्र तलबबापत ३५ लाख ८४ हजार ३५० र महँगी भत्ताबापत चार लाख ७५ हजार भुक्तानी बाँकी रहेको छ।

# आन्तरिक पर्यटनले धानिएको सौराहा

**चितवन समाचारदाता**
*चितवन, कात्तिक ११ गते*

कुनै समय चितवनको सौराहा आएर घुम्ने रमाउने पर्यटक विदेशी मात्र हुने गरेका थिए। सौराहाका होटेलमा बस्ने र निकुञ्ज सफारी गर्ने पर्यटक विदेशी मात्र हुने गरेका थिए तर अहिले अवस्था फेरिएको छ। विदेशी पर्यटकले धानेको सौराहा र निकुञ्ज आसपासका होटेलमा अहिले अधिकांश आन्तरिक पर्यटकले भरिएका छन्।

जेनजी समूहको आन्दोलनले थला परेको चितवनको पर्यटन तिहारको बिदाले जुर्मुराएको छ। चाडपर्वको बिदामा सौराहा, मेघौली, पटिहानीलगायतको क्षेत्रका होटेल भरिएका थिए। क्षेत्रीय होटेल सङ्घ सौराहाका पूर्वअध्यक्ष सुमन घिमिरेले भन्नुभयो, "विदेशी पर्यटकको भरमा यहाँको पर्यटन व्यवसाय धानेको थियो, अहिले अवस्था फेरिएको छ," उहाँले भन्नुभयो, "अहिले ९० प्रतिशत पर्यटक आन्तरिक रहेका छन्।"

नेपालीमा घुम्ने, खर्च गर्ने, रमाउने संस्कारको विकास भएको छ। सौराहा मात्र होइन अन्य क्षेत्रमा समेत सकारात्मक प्रभाव परेको छ । काठमाडौँ, पोखरा, लुम्बिनीलगायतका क्षेत्रमा मात्र जाने पर्यटक अहिले साहसिक क्षेत्रमा समेत जाने गरेको उहाँले बताउनुभयो।

हिमाली क्षेत्रको जोखिम स्थानमा यात्रा गर्ने, बन्जीजम्प गर्ने, र्‍याफ्टिङ गर्नेसम्म आन्तरिक पर्यटक रहेको उहाँले बताउनुभयो । हिमाली क्षेत्रमा जाने आन्तरिक पर्यटकलाई चितवन ल्याउने वातावरण गर्न सके यहाँको विकास अझ वृद्धि हुने उहाँले बताउनुभयो। काठमाडौँ, पोखरा, लुम्बिनीमा पर्यटन व्यवसाय गर्दै आउनुभएका क्षेत्रीय होटेल सङ्घ सौराहाका अध्यक्ष ओम पाण्डेले बिदाको दिन सेवा दिन भ्याइनभ्याइ भएको सौराहामा अहिले भिड घटेको बताउनुभयो।

"दसैँमा पर्यटक आएनन्, तिहारको बिदामा यहाँको स्रोतसाधनले धान्न नसक्ने गरी पर्यटक आए," अध्यक्ष पाण्डेले भन्नुभयो, "यसरी आएका पर्यटकमध्ये अधिकांश नेपाली थिए।" आन्तरिक पर्यटकले मात्र पनि चल्ने अवस्था हुन सक्ने भन्ने उदाहरण बनेको उहाँले बताउनुभयो। सबै समयमा भने नेपाली आउन सक्दैनन्, अन्य समयमा विदेशी पर्यटकलाई चितवन ल्याउने वातावरण पर्यटन व्यवसायीसँगै सरकारको भूमिका हुने उहाँले बताउनुभयो।

क्षेत्रीय होटेल सङ्घ सौराहाका महासचिव महेश खनालले तिहारको बिदामा ८५ प्रतिशत होटेलका कोठा भरिएको जानकारी दिनुभयो । "आन्दोलनले थला परेका थियौँ," उहाँले भन्नुभयो, "दसैँमा उत्साहजनक थिएन, तिहारले वहार ल्यायो ।" सधैँ यस्तै अवस्था रहँदैन, यो हामीले बुझेका छौँ, खनालले भन्नुभयो। अब विदेशी पर्यटकलाई यहाँ आउने वातावरण बनाउन अभियान चलाउनु पर्दछ।


नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११ र १२)
सानोठिमी, भक्तपुर

**विषय दर्ता फाराम भर्ने/भराउने सम्बन्धी म्याद थप गरिएको सूचना**

शैक्षिक सत्र २०८२/८३ मा कक्षा ११ मा भर्ना भएका विद्यार्थीहरूको विषय दर्ता फाराम बुझाउने सम्बन्धमा राष्ट्रिय परीक्षा बोर्डद्वारा प्रकाशित शैक्षिक कार्यतालिका अनुरूप मिति २०८२ कात्तिक १५ गतेसम्म विलम्ब शुल्करहित (प्रतिविद्यार्थी रु. ४००।–) र मिति २०८२ कात्तिक मसान्तसम्म विलम्ब शुल्कसहित (प्रतिविद्यार्थी रु. ८००।–) का दरले हुने रकम राष्ट्रिय परीक्षा बोर्डको बैङ्क खातामा जम्मा गरी उक्त बैङ्क भौचरसहित विषय दर्ता फारामहरू मिति २०८२ मङ्सिर ७ गतेभित्र Online फाराम भरी बोर्डका सम्बन्धित कार्यालयमा रसिद काटी बुझाउन सूचित गरिएकोमा कक्षा १० (SEE) को पूरक परीक्षाका प्रमाणपत्रहरू सम्बन्धित विद्यालयमा उपलब्ध भई नसकेका कारणले उपरोक्त समयावधि परिवर्तन गरी मिति २०८२ कात्तिक मसान्तसम्म विलम्ब शुल्करहित (प्रतिविद्यार्थी रु. ४००।–) र मिति २०८२ मङ्सिर ७ गतेसम्म विलम्ब शुल्कसहित (प्रतिविद्यार्थी रु. ८००।–) का दरले हुने रकम राष्ट्रिय परीक्षा बोर्डको बैङ्क खातामा दाखिला गरी मिति २०८२ मङ्सिर १० गतेभित्र इलप्लिभ ईन्ट्री समेत गरी बोर्डका सम्बन्धित कार्यालयहरूमा रसिद काटी फाराम बुझाउने गरी म्याद थप (संशोधन) गरिएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्चः राष्ट्रिय परीक्षा बोर्डका सम्पूर्ण कार्यालयहरूले आ–आफ्नो कार्यक्षेत्रभित्रका विद्यालयहरूलाई जानकारी गराई यसै सूचना बमोजिम गर्नु/गराउनुहुन अनुरोध गरिन्छ ।

**– परीक्षा नियन्त्रक**


# सार्वजनिक यातायातले दिँदैनन् छुट सुविधा

**सिन्धुली समाचारदाता**
*सिन्धुलीमाढी, कात्तिक ११ गते*

सिन्धुली जिल्लामा सञ्चालित भाडाका सार्वजनिक यातायातका साधनमा विद्यार्थी, अपाङ्गता भएका र ज्येष्ठ नागरिकले आरक्षणको सुविधा पाउन सकिरहेका छैनन्।

सार्वजनिक यातायातका साधनमा भाडामा छुटको सुविधासहित आरक्षणको व्यवस्था राज्यले गरेको धेरै वर्ष भए पनि सिन्धुली जिल्लामा त्यो कार्यान्वयन नभएको विद्यार्थी, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको गुनासो रहेको छ।

सरकारले यातायात व्यवसायीसँगको सहमतिमा परिचयपत्र हुने विद्यार्थीलाई सार्वजनिक यातायातमा ४५ प्रतिशत भाडा छुटको व्यवस्था गरेको छ । ६० वर्ष उमेर नाघेका ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई पनि आरक्षणको सुविधासहित भाडामा ५० प्रतिशत छुटको व्यवस्था गरेको छ । भाडादरमा छुटको व्यवस्था भए पनि सिन्धुली जिल्लाबाट काठमाडौँ, जनकपुर, बर्दीबास, वीरगन्ज, नारायणगढ, काँकडभिट्टालगायतमा चल्ले कुनै पनि यातायातका साधनले छुट नदिएको पीडितको गुनासो छ।

ज्येष्ठ नागरिक सङ्घका जिल्ला अध्यक्ष देवीप्रसाद देवकोटा उक्त सुविधा नियम कानुनले दिए पनि व्यवहारमा लागु नभएको गुनासो गर्नुहुन्छ । उहाँले भन्नुभयो, "हामी त्यो मुद्दामा लडिरहेका छौँ। नियममा लागु भएको कुरा गाउँबाटै उपभोग गरेर आउनु पर्छ भन्छन् मन्त्रालयका सचिव तर स्थानीय तहले त्यसलाई वास्ता गरिरहेको छैन।"

राज्यले दिएको उक्त सुविधासहितको कार्ड ज्येष्ठ नागरिकसँग भए पनि सुविधा भने उपभोग गर्न नपाएको उहाँको भनाइ छ । उहाँका अनुसार सिन्धुली जिल्लामा मात्रै ज्येष्ठ नागरिकको सङ्ख्या २५ हजारभन्दा बढी रहेको उहाँले जानकारी दिनुभयो । "धेरै पटक नगरप्रमुख, प्रमुख जिल्ला अधिकारी, एसपीलगायतका सरोकारवाला पक्षबिच बसेर छलफल पनि गर्‍यौँ," जिल्ला अध्यक्ष देवकोटाले भन्नुभयो, "तर कार्यान्वयनमा आउन सकेको छैन ।" राजधानी काठमाडौँ जाँदा सार्वजनिक यातायातका साधनमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका र महिलालाई सिटको आरक्षण देखेको भए पनि सिन्धुलीबाट चल्ने त्यस्ता गाडीमा त्यो सुविधासमेत नभएको उहाँले बताउनुभयो।

"सार्वजनिक यातायातका साधनमा ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिले आरक्षण भएको सिट पाउन त परै जावस्, झुन्डिएर यात्रा गर्नुपर्ने अवस्था छ," अध्यक्ष देवकोटाले भन्नुभयो, "राज्यले नियम कानुन त बनायो, स्थानीय तहले कार्यान्वयन गर्न चाँजो नै मिलाउँदैन ।" विद्यार्थी, अपाङ्गता भएका र ज्येष्ठ नागरिकले पाएको उक्त सुविधा सिन्धुली जिल्लामा भने कागजमै सीमित हुन पुगेको विद्यार्थीको गुनासो छ।

नेपाल विद्यार्थी सङ्घका जिल्ला अध्यक्ष भरत विक जिल्लामा सार्वजनिक यातायातले भाडामा छुट सुविधा केही समयअघिसम्म दिए पनि अहिले बन्द भएको बताउनुभयो । उक्त सुविधा कार्यान्वयनका लागि यातायात व्यवसायीसँग सम्झौताको तयारी भइरहेको बेला जेनजी समूहको आन्दोलन भएर अस्तव्यस्त भएको र अहिले त्यत्तिकै अवस्थामा रहेको उहाँको भनाइ छ।

सिन्धुली अपाङ्ग सङ्घको जिल्ला अध्यक्ष बबिता थापा आफ्नो परिचयपत्र बोकेको खण्डमा बसले अपाङ्गता भएका व्यक्तिलाई आरक्षण र भाडामा सहुलियत दिएको भए पनि बोलेरो, इभी जस्ता साना गाडीले उक्त सुविधा नदिएको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "त्यसका लागि सरोकारवाला सबैलाई बोलाई छलफलसमेत गरेका थियौँ तर खासै सुनुवाइ भइरहेको छैन।"

प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले दसैँअघि यातायात व्यवसायीसँग भएको छलफलमा उनीहरूले विद्यार्थी, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकलाई उक्त सुविधा दिन तत्परता देखाएको र नदिए कारबाही भोग्नसमेत तयार रहेको जनाएको बताउनुहुन्छ। उहाँले भन्नुभयो, "राज्यले दिएको सुविधा सबैले पाउनु पर्दछ । त्यतिबेलै ट्राफिक प्रहरीलाई सुविधा कार्यान्वयन गराउन निर्देशन दिइएको हो।"

सुनौलो बिपी यातायात प्रालिका अध्यक्ष कान्छामान बलले कतिपय ठुला गाडीले विद्यार्थी भने सित्तै बोक्दै पनि आएको बताउनुभयो। जिल्लाबाट सञ्चालन हुने भाडाका बोलेरो, सुमो जस्ता साना गाडीमा भने आरक्षणको सुविधा दिन नसकिने व्यवसायीले बताएका छन्।


**मनमोहन प्राविधिक विश्वविद्यालय**
**बुढीगंगा गा.पा. ४ मोरङ**

**सवारी साधन खरिद गर्नेसम्वन्धी सुचना**

**Contract Identification No. MTU-04-82/83**
**प्रथम पटक प्रकाशित मिति २०८२।०७।१२**

मनमोहन प्राविधिक विश्वविद्यालयको कार्यालय बुढीगंगा मोरङका लागि आवश्यक भएको देहाय बमोजिमको सवारी साधन सार्वजनिक खरिद ऐन २०६३ (संशोधनसहितको, दफा ८ को उपदफा(१) (क) (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियमा ३१ ख बमोजिम त्यस्तो सवारी साधन उत्पादन कम्पनी वा सो को आधिकारिक विक्रेताहरूबीच मात्र प्रतिष्पर्धा (क्याटलग सपिङ) विधिबाट खरिद गर्नु पर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियमा ३१ ख को उपनियम (२) अनुसार देहाय बमोजिमको सवारी साधन बिक्री गर्न चाहने उत्पादक वा आधारिकारिक बिक्रेताले वा आफ्नो उत्पादनको आधिकारिक स्पेसिफिकेसन, गुणस्तर मूल्य र सुविधासहितको विवरण क्याटलग वा ब्रोसर संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस मनमोहन प्राविधिक विश्वविद्यालयको कार्यालय बुढीगंगा, ४ मोरङमा निवेदन दर्ता गर्नु हुन सम्बन्धित उत्पादक वा आधिकारिक बिक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत स्पेशिफिकेसनसहितको विवरणका लागि कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

| Type of Vehicle | Requirement (General Specification) | Number of Vehicle |
|---|---|---|
| Collage Bus 50 seated | Minimum engine capacity 3200CC Diesel Power output not less than 70kw and Maximum torque should not be less than 280 at governed RPM, Fuel tank Capacity minimum 100 liters, seats capacity 50 seated. Power assisted with tilt steering As per Specification. | 1 |



**निर्वाचन आयोग, नेपाल**
**ELECTION COMMISSION, NEPAL**

**प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को पर्यवेक्षणका लागि राष्ट्रिय संस्थाहरूबाट निवेदन आह्वान गरिएको सूचना**

(सूचना प्रकाशित मिति : २०८२।०७।१२)

**आगामी २०८२ फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को पर्यवेक्षण गर्न चाहने राष्ट्रिय संस्थाहरूले मिति २०८२।७।२६ गतेभित्र आयोगमा पर्यवेक्षण अनुमतिका लागि निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७९ को अनुसूची–२ बमोजिमको ढाँचामा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।**

**पर्यवेक्षण अनुमतिका लागि निवेदन दिँदा काठमाडौँ उपत्यकाको हकमा निर्वाचन आयोगमा र अन्य जिल्लाहरूको हकमा सम्बन्धित प्रदेश निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालयमा निवेदन दिन सकिनेछ । निवेदनको नमुना www.election.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।**

**विस्तृत जानकारीका लागि आयोगको वेबसाइट www.election.gov.np हेर्नुहुन अनुरोध गरिन्छ ।**



**सर्वोच्च अदालत**
**रामशाह पथ, काठमाडौँ**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**(प्रकाशन मिति : २०८२।०७।१२)**

स्टेसनरी मसलन्द तथा कार्यालय सम्बन्धी मालसामानको खरिद कार्यका लागि गोरखापत्रमा प्रकाशित सूचना बमोजिम पेश हुन आएका बोलपत्र दाताहरूको प्राविधिक प्रस्तावहरूको नियमानुसार अध्ययन, जाँच–परीक्षण तथा मूल्याङ्कन हुँदा सफल भएका निम्न बमोजिमका आर्थिक प्रस्तावहरू तपसिल बमोजिमको मिति, समय र स्थानमा खोलिने व्यहोरा प्रचलित सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ज को उपनियम (५) को प्रावधानका सन्दर्भमा सम्बन्धित सबैका लागि यो सूचना संप्रेषण गरिएको छ । यस सम्बन्धी विस्तृत जानकारी **www.bolpatra.gov.np/egp** मा हेर्न सकिनेछ ।

**तपसिल**

| क्र. सं. | ठेक्काको विवरण | प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही रहेका बोलपत्र दाताहरू | आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान |
|---|---|---|---|
| १ | Supply & Delivery of Stationery and Office Items (SCN/G/ 204000113/ 2082/083/01) | 1. S.P. Enterprises<br>2. Albelo Multi Trading Pvt.Ltd.<br>3. Priinfosys<br>4. New NB Traders<br>5. Ardra Multipurpose Pvt.Ltd. | **समय**: दिउँसो १:०० बजे<br>**स्थान**: सर्वोच्च अदालत<br>**मिति**: २०८२/०७/१९ |



**प्रदेश लोक सेवा आयोग**
**गण्डकी प्रदेश, पोखरा**

**स्थानीय सेवाका सातौँ तहका प्राविधिक/अप्राविधिक पदहरूको विज्ञापन सम्बन्धी सूचना**

**सूचना नं. १२८/२०८२-०८३** **मिति:-२०८२/०७/१२**

स्थानीय तहबाट पदपूर्तिका लागि माग भई आएका रिक्त पदहरूको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम ज्येष्ठता तथा कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा, कार्य क्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा, अन्तरतह र खुला तथा समावेशी समूहमा प्रतिशत निर्धारण गरी विज्ञापन प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। **विज्ञापनमा दरखास्त दिने उम्मेदवारले ध्यान दिनुपर्ने विषयहरू, दरखास्त दस्तुर, दरखास्तको अवधि, दरखास्त दिने अन्तिम मिति, आवश्यक योग्यता समेतको विज्ञापनको विस्तृत विवरण आयोगको Website: https://ppsc.gandaki.gov.np मा प्रकाशन गरिनेछ ।**

**(क) ज्येष्ठता र कार्य सम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|
| १ | ६/२०८२-८३ | इन्जिनियर, स्थानीय इन्जिनियरिङ, सिभिल | १ |
| २ | ७/२०८२-८३ | कृषि अधिकृत, स्थानीय कृषि | ४ |
| ३ | ८/२०८२-८३ | पशु चिकित्सक, स्थानीय कृषि, भेटेरिनरी | २ |
| ४ | ९/२०८२-८३ | पशु विकास अधिकृत, स्थानीय कृषि, ला.पो.एण्ड डे.डे. | १ |
| ५ | १०/२०८२-८३ | प्रशासकीय अधिकृत, स्थानीय प्रशासन, प्रशासन | २ |
| ६ | ११/२०८२-८३ | लेखा अधिकृत, स्थानीय प्रशासन, लेखा | १ |
| ७ | १२/२०८२-८३ | शिक्षा अधिकृत, स्थानीय प्रशासन, शिक्षा प्रशासन | १ |

**(ख) कार्य क्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|
| १ | १३/२०८२-८३ | इन्जिनियर, स्थानीय इन्जिनियरिङ, सिभिल | १ |
| २ | १४/२०८२-८३ | नापी अधिकृत, स्थानीय इन्जिनियरिङ, सर्भे | १ |
| ३ | १५/२०८२-८३ | कृषि अधिकृत, स्थानीय कृषि | ४ |
| ४ | १६/२०८२-८३ | पशु चिकित्सक, स्थानीय कृषि, भेटेरिनरी | २ |
| ५ | १७/२०८२-८३ | पशु विकास अधिकृत, स्थानीय कृषि, ला.पो.एण्ड डे.डे. | १ |
| ६ | १८/२०८२-८३ | प्रशासकीय अधिकृत, स्थानीय प्रशासन, प्रशासन | २ |
| ७ | १९/२०८२-८३ | आ.ले.प. अधिकृत, स्थानीय प्रशासन, लेखा | १ |
| ८ | २०/२०८२-८३ | शिक्षा अधिकृत, स्थानीय प्रशासन, शिक्षा प्रशासन | १ |

**(ग) अन्तरतह, खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन**

**अ. प्राविधिक पदहरू**

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | ७००१/२०८२-८३ | इन्जिनियर, इन्जि., सिभिल | स्थानीय | अन्तरतह | १ |
| | ७००२/२०८२-८३ | इन्जिनियर, इन्जि., सिभिल | स्थानीय | खुला | २ |
| | ७००३/२०८२-८३ | इन्जिनियर, इन्जि., सिभिल | स्थानीय | आ.ज. | १ |
| २ | ७००४/२०८२-८३ | कृषि अधिकृत, कृषि | स्थानीय | अन्तरतह | २ |
| | ७००५/२०८२-८३ | कृषि अधिकृत, कृषि | स्थानीय | खुला | ६ |
| | ७००६/२०८२-८३ | कृषि अधिकृत, कृषि | स्थानीय | महिला | २ |
| | ७००७/२०८२-८३ | कृषि अधिकृत, कृषि | स्थानीय | विपन्न खसआर्य | १ |
| | ७००८/२०८२-८३ | कृषि अधिकृत, कृषि | स्थानीय | मुस्लिम | १ |
| ३ | ७००९/२०८२-८३ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | स्थानीय | अन्तरतह | १ |
| | ७०१०/२०८२-८३ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | स्थानीय | खुला | २ |
| | ७०११/२०८२-८३ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | स्थानीय | महिला | १ |
| | ७०१२/२०८२-८३ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | स्थानीय | आ.ज. | १ |
| ४ | ७०१३/२०८२-८३ | पशु विकास अधिकृत कृषि, ला.पो. एण्ड डे.डे. | स्थानीय | अपाङ्ग | १ |
| ५ | ७०१४/२०८२-८३ | शिक्षा अधिकृत, प्रशासन, शिक्षा प्रशासन | स्थानीय | अन्तरतह | १ |
| | ७०१५/२०८२-८३ | शिक्षा अधिकृत, प्रशासन, शिक्षा प्रशासन | स्थानीय | खुला | १ |
| | ७०१६/२०८२-८३ | शिक्षा अधिकृत, प्रशासन, शिक्षा प्रशासन | स्थानीय | आ.ज. | १ |
| | ७०१७/२०८२-८३ | शिक्षा अधिकृत, प्रशासन, शिक्षा प्रशासन | स्थानीय | अपाङ्ग | १ |
| ६ | ७०१८/२०८२-८३ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | स्थानीय | खुला | १ |
| | ७०१९/२०८२-८३ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | स्थानीय | आ.ज. | १ |

**आ. अप्राविधिक पदहरू**

| क्र. सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | ७५०१/२०८२-८३ | प्रशासकीय अधिकृत, प्रशासन, प्रशासन | स्थानीय | अन्तरतह | २ |
| २ | ७५०२/२०८२-८३ | प्रशासकीय अधिकृत, प्रशासन, प्रशासन | स्थानीय | खुला | ४ |
| ३ | ७५०३/२०८२-८३ | प्रशासकीय अधिकृत, प्रशासन, प्रशासन | स्थानीय | महिला | २ |
| ४ | ७५०४/२०८२-८३ | प्रशासकीय अधिकृत, प्रशासन, प्रशासन | स्थानीय | आ.ज. | १ |
| ५ | ७५०५/२०८२-८३ | प्रशासकीय अधिकृत, प्रशासन, प्रशासन | स्थानीय | दलित | १ |

**थप जानकारीका लागि**
**फोन**: ०६१-४५७८७३, Website:- **https://ppsc.gandaki.gov.np E-mail: gandakipsc2076@gmail.com**